९० औ बैठक

मिति २०७८ जेठ २६ गते बुधबारका दिन स्थगित भएको यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक आज मिति २०७८ जेठ ३० गते आईतबारका दिन बिहान ११:०० बजे नगर प्रमुख श्री किसान गुरुङज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ, नगर प्रमुख, अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ , सदस्य (नगर कार्यपालिका)

श्री नर बहादुर पुन. (का. वा. वडा अध्यक्ष वडा नं-२)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री बिलबहादुर गुरुङ (का. वा. वडाअध्यक्ष वडा नं. ८)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

गण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १ :

आगामी आर्थिक वर्ष २०७८/७९ को वजेट,निति तथा कार्यक्रम तर्जुमा एवम् नवौ नगरसभा तयारीका सन्दर्भमा देहायबमोजिम गर्ने :

- मिति २०७७ आषाढ २ गते भित्र सबै विषयगत समिति(पूर्वाधार विकास,आर्थिक विकास,विधायन,शुसासन,वातावरण तथा विपद,सामाजिक विकास) हरुले आ–आफ्नो विषयगत समितिको तर्फबाट आगामी आर्थिक वर्ष २०७८/७९ को वजेट,निति तथा कार्यक्रम समावेश गर्नुपर्ने सुझाव तथा कार्यक्रमको प्रस्ताव नगरप्रमुखसमक्ष पेश गर्ने,
- आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट,निति तथा कार्यक्रममा वडागत योजना तथा सुझावहरु नगरप्रमुखसमक्ष पेश गर्न भनिएकोमा सुझाव तथा प्रस्तावित कार्यक्रम पेश गर्न बाँकी वडा अध्यक्ष तथा नगरकार्यपालिका सदस्यहरुले मिति २०७७ आषाढ २ गते भित्र नगरप्रमुख समक्ष रायसुझाव पेश गर्ने,
- नवौ नगरसभाको निति तथा कार्यक्रममा रायसुझाव तथा कार्यालयतर्फको आर्थिक वर्ष २०७८/७९ चालु तथा प्रशासनिक खर्चको प्रस्तावित योजना तयार गरी नगरप्रमुखसमक्ष पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने,
- आगामी आर्थिक वर्ष २०७८/७९ को वजेट,निति तथा कार्यक्रम प्रस्तुतिकरण तथा नवौ नगरसभाको समुद्घाटन समारोह यही २०७८ साल असार महिनाको १० गते विहिवारका दिन आव्हान गर्ने,
- नगरसभाको तयारी तथा बजेट विनियोजनका विषयमा आवश्यक छलफल गर्ने गरी यहि मिति २०७७ आषाढ ३ गते विहिवार विहान ७ वजे कार्यपालिका बैठक बस्ने ।

निर्णय नं. २ :

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस नगरपालिका वडा नं. ११ स्थित राईपुर स्वास्थ्य चौकीलाई १५ शैयाको आधारभूत अस्पतालका निर्माणका लागि तोकि पठाएकोमा उक्त स्थानपरिवर्तनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्राचार गरिएकोमा हालसम्म मन्त्रालयबाट कुनै निर्णय र पत्राचार नभएको हुदा साविककै स्थान वडा नं. ११ राईपुरमा आधारभुत अस्पताल निर्माणका लागि स्थलगत अनुगमन तथा डि.पि.आर कार्यका लागि स्विकृतिलाई अनुमोदन गर्ने र यथाशिघ्र टेण्डर प्रक्रिया अघि बढाउने,साथै अस्पताल निर्माणका लागि न्यूनतम ५ रोपनी जग्गा आवश्यक पर्नेमा राईपुर स्वास्थ्य संस्थाको ४ रोपनी र नपुग ५ रोपनी जग्गा स्थानीय वासीन्दाबाट प्रदान गर्ने प्रतिवद्धतासहितको पत्र सम्बन्धित वडाबाट प्राप्त भएकोले यथाशिघ्र जग्गाप्राप्ति कार्य अघि बढाउने।

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ३ :**

प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी देहायका प्रकोपपिडितलाई तपसिलबमोजिमको राहत रकम उपलब्ध गराउने :

- वडा नं. ११ निवासी युवराज शर्मा कामकाजको सिलसिलामा करेन्ट लागी असामयिक निधन भएको हुदा निजको श्रीमती र छोरीको संयुक्त खाता खोली रु १ लाख राहत रकम उपलब्ध गराउने,
- वडा नं. ६ निवासी माधव प्रसाद ढकालको गोठमा बाधिएका पशुहरु अवीरल वर्षाको कारण पुरिएर मरेको हुदा राहत रकम रु २५ हजार,
- वडा नं. १० निवासी विष्णु वहादुर थापाको गोठमा आगालागी भएको हुदा राहत रकम रु २५०००,
- वडा नं. ११ छाक्रा निवासी नरेश्वर लम्सालको गोठमा आगालागी भएको हुदा राहत रकम रु २५०००,
- शु.न.पा वडा नं. ९ टिकाराम गौतमको श्रीमती भूवानी गौतमको कोभीड संक्रमणका कारण निधन भएकोले किरीया खर्चवापत रु १५०००,
- शुनपा वडा नं. ६ गोबर्द्धन विकको आवास संरक्षणका लागि रु १५०००,
- शु.न.पा वडा नं. १ ननकला देवी गुरुङ्गको आवास संरक्षण रु १५०००,
- शु.न.पा वडा नं. १ तिलादेवी भण्डारीको आवास संरक्षण रु १५०००,
- शु.न.पा वडा नं. १ विवेक परियारको आवास संरक्षण रु १५००० ।

**निर्णय नं. ४ :**

फुटकर योजना नगरपालिकाभरबाट खर्च लेख्ने गरी देहायको योजनामा रकम भुक्तानी गर्ने :

- वडा नं. १२ को चिहानडाडा प्रतिक्षालय निर्माणका लागि रु ५
- वडा नं. ९ को कार्यालय कम्पाउण्डका लागि अपुग रकम रु ६ लाख,
- वडा नं. १ को अर्घौली खानेपानिका लागी अपुग रकममध्ये पाईप र जडान खरिदवापतको विलबमोजिमको रकम रु २ लाख ९० हजार,
- वडा नं. ५ अकला मन्दिरमा पहिरो संरक्षण गर्न रिटेनिङ वाल निर्माणका लागि रु ३ लाख,
- शुनपा वडा नं. ५ थर्पुटार पार्क संरक्षणका लागि रु ५ लाख,
- वडा नं. ६ दरगाउ बगैचा देखि नौबीसे मार्ग नाला निर्माण कालागि ईष्टिमेटबमोजिमको रकम रु २ लाख ५६ हजार,

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- वडा नं. ६ ओख्ले चैनपर खानेपानी टंकी निर्माणस्थल सम्म जाने बाटो निर्माणका लागि ईष्टिमेटबमोजिमको रु १ लाख ५० हजार,
- वडा नं. १० साखे खानेपानी मर्मतपवापतको रु ५० हजार र ढोरवाराही मोटरमार्ग सरसफाईवापतको रु २६६००।
- जिपी श्वासप्रश्वास केन्द्रदेखि नेपाल विद्युत प्राधिकरण सेवा ईकाई सम्म जाने सडकको दुवैतर्फ कच्ची नालानिर्माणको लागि रु १ लाख ५० हजार ।
- शु.न.पा वडा नं १२ समलथर खोत्रक जोड्ने मोटरमार्ग ट्र्याक खोल्ने तथा स्तरोन्नतिका लागि रु ७ लाख,
- शु.न.पा वडा नं. ९ ढोरवाराही मोटरमार्गको चापडाडा काडोमूल खेतको कुलो मर्मतका लागि रु १ लाख ७५ हजार ।
- वडा नं. १० स्थित संगम प्राविको ट्रस निर्माणका लागि रु २ लाख ।

**निर्णय नं. ५ :**

नगरपालिका परिसरमा संचालनमा रहेको क्यान्टीन मुस्कान खाजा घरका नाउमा संचालक वमबहादुर घर्तीलाई आगामी आ.ब. २०७८/७९ का लागि समेत साविकको संझौताअनुसारको भाडादरमा नगरपालिकाले तोकेको अन्य शर्तको अधिनमा रही थप १ वर्ष क्यान्टीन संचालन गर्न अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ६ :**

नगरभित्रका संघ/प्रदेशस्तरका आयोजना संचालन गर्दा स्थानीय निर्माण सामाग्रीहरु प्रयोग गर्नुपर्दा वडाबाट निरिक्षण गरी नगरलाई पत्राचार गर्ने एवं नगरको अनुगमन समितिले अनुगमन गरी प्राप्त प्रतिवेदनको आधारमा सार्वजनिक एवम् निजि जमिनको त्यस्ता सामाग्रीहरु नियमानुसार शुल्क/राजश्व तिरी प्रयोग गर्न नगरकार्यपालिकाले अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ७ :**

संघीय सरकारबाट प्राप्त सुधारिएको चुल्हो वायोमास प्रविधि जडान कार्यक्रम कोरोना संक्रमणका कारण वजार क्षेत्र पूर्ण बन्द भएकोले वायोमास जडान कार्य असंभव भएको हुदा उक्त २ लाख रकम वायोग्यास जडान शिर्षकमा रकमान्तर गरी पालिकाभर वायोग्यास जडान गरेका कृषकहरुको वडागत तथ्याकं संकलन गरी कुल बजेटको दामासाहीले हुन आउने अनुदान रकम वितरण गर्ने ।

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ८ :**

विधायन समितिबाट प्राप्त भएको सुरक्षित आप्रवासी सम्बन्धी कार्यविधि,२०७८ को मस्यौदालाई आवश्यक परिमार्जनसहित पारित गर्ने ।

**निर्णय नं. ९ :**

अजम्बरी यूवा क्लव भिमाद न.पा ८ ले मिति २०७७/११/२४–२७ सम्म संचालन गरेको गाउँ तथा वडा स्तरिय पूरुष भलिवल प्रतियोगिता संचालनवापत प्रस्तावनासहित आर्थिक सहयोग माग गरेकोमा रु ३५००० खेलकुल शिर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं. १० :**

सबै वडा कार्यालयहरुलाई ८७ औ बोर्डबैठकले भूमिहिन दलित,भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको आ आफ्नो वडामा परेका निवेदनको आधारमा सम्वन्धित टोल विकास संस्था,जनप्रतिनिधि र स्थानीय को रोहबरमा उक्त निवेदन फारामको क्रमसंख्या ६ अनुसारको आवोद कमोदको अवधि र क्रमसंख्या ८ अनुसारको जग्गाको प्रकृति एकिन गरी सिफारिस सहित नगरकार्यपालिका बैठकमा पेश गर्न भनिएकोमा देहायबमोजिम वडा कार्यालयबाट प्राप्त विवरणलाई सम्वन्धित वडा कार्यालय,वडा सहजीकरण समिति समेत को सिफारिस का आधारमा आवाद कमोदको अवधि र जग्गाको प्रकृति निर्धारण गर्ने ।

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner